# अग्नीसाईर कृष्णासवरन गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## सितापुर, सप्तरी

## सेवा करारमा पदपुर्ती सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मितिः २०८०।०९।.५..... गते)*

यस अग्नीसाईर कृष्णासवरन गाउँपालिकाको १२औ गाउँसभाको निर्णयानुसार यस गाउँपालिकाका लागि आवश्यक तपसिल अनुसारका पदमा सेवा करारबाट कर्मचारीको पदपुर्ती गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिलका शर्तहरुको अधिनमा रही कार्य गर्न ईच्छुक देहाय बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिएको छ।

**तपसिलः**

| क्र.सं. | विज्ञापन नं. | पद, तह | तह | माग संख्या | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ००३/०८०/०८१ | कृषि स्नातक प्राबिधिक | अधिकृत छैठौ | १ | १०००।– | |
| २ | ००४/०८०/०८१ | प्राबिधिक सहायक | सहायक पाँचौ वा सो सरह | १ | ५००।– | |
| ३ | ००५/०८०/०८१ | जेसिभि चालक (श्रेणी बिहिन) | श्रेणी बिहिन | १ | ३००।– | |

१. **शैक्षिक योग्यता र उमेरः**

- **कृषि स्नातक प्राबिधिकः**
  - नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि बिज्ञानमा स्नातक तह वा सो सरह तह उत्तीर्ण गरेको, कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान भएको
  - दरखास्त दिने अन्तिम मितिमा १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको।
- **प्राबिधिक सहायकः**
  - सिभिल ईन्जिनियरिङ्गमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण गरेको, कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान भएको
  - दरखास्त दिने अन्तिम मितिमा १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको।
  - पुर्वाधार निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेशन गर्न सक्ने, आयोजनाको लक्ष्य र परिमाण हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सिप सहित कम्तीमा ६ महिनाको अनुभव भएकोलाई ग्राहयता दिईनेछ।
- **जेसिभि चालकः**
  - साधारण लेखपढ गर्न जानेको हुनुपर्नेछ (कक्षा ८ वा सो भन्दा बढी योग्यता भएकोलाई प्राथमिकता दिईनेछ)। सूचना प्रकाशित भएको मितिभन्दा अगाडी सवारी चालक अनुमति पत्र प्राप्त गरी सकेको र सवारी चालक अनुमति पत्रको म्याद वहाल रहेको। साथै दरखास्त दिने अन्तिम मितिमा १८ बर्ष पुराभई ४५ बर्ष ननाघेको।

२ **फारम दस्तुरः** माछापुच्छ्रे बैंक महुली शाखामा रहेको यस कार्यालयको राजश्व खाता नं. ०८४००७३३५२८०००८१ मा जम्मा गरी सक्कल भौचर दरखास्त फारमका साथ पेश गर्नुपर्नेछ।

३ **छनौटको किसिमः** बिज्ञापन नं. ०३ र ०४ को हकमा प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित, प्रयोगात्मक परीक्षा र अन्तर्वाता तथा बिज्ञापन नं. ०५ को हकमा प्रारम्भिक योग्यताक्रमको सूचना प्रकाशन र अन्तर्वार्ता।

४ **दरखास्त दिने अन्तिम मितिः** २०८०।०९।२०... सम्म (दरखास्त दिने अन्तिम दिन सार्बजनिक बिदा परेमा सोको भोलिपल्टसम्म दरखास्त दिन सकिनेछ।)

५ **सेवा सुविधा तथा अन्यः** कृषि स्नातक प्राबिधिक, प्राबिधिक सहायकको हकमा नेपाल सरकारले तोके बमोजिम हुनेछ र अन्य पदको हकमा गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ।

६ दरखास्त फारमका साथ आवेदक स्वयंले प्रमाणित गरेको शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाण पत्र, कम्प्युटर सम्बन्धी आधारभुत तालिम प्राप्तको प्रमाणपत्रको प्रतिलिपि र ३ प्रति फोटो संलग्न गर्नुपर्नेछ।

७ **दरखास्त दिने स्थानः** अग्नीसाईर कृष्णासवरन गाउँपालिकाको कार्यालय, सितापुर, सप्तरी।

८ यसमा उल्लेख नभएका कुरा प्रचलित कानुन बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner